तीनपाटन गाउँपालिका

# स्थानीय राजपत्र

तीनपाटन गाउँपालिका,

लाम्पानटार सिन्धुलीद्वारा प्रकाशित

खण्ड ७, अंक १२, संख्या २

कात्तिक १५ गते २०८० साल

भाग २

# मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०८०

**प्रस्तावना**

महिनावारी वा रजस्वला किशोरी तथा महिलाहरुको शरीरमा प्रजनन् स्वास्थ्यसँग सम्वन्धित नियमित, आधारभूत एवम् प्राकृतिक प्रक्रिया भएको कुरालाई मनन गर्दै,

कुनै समाजमा यसलाई अपवित्र तथा अछुत रुपमा लिने गरिएको, समाजमा महिनावारीसँग जोडिएका विभिन्न कुसंस्कारहरु व्याप्त रहेको, सामाजिक अन्धविश्वास, परम्परागत धार्मिक मान्यताहरु,

CamScanner

रुढीवादी परम्परा आदि यस प्रथाका मुख्य कारण रहेको कुरालाई हृदयंगम गर्दै,

यस प्रथाले किशोरी तथा महिलाहरुको सुरक्षा, स्वास्थ्य, आत्मसम्मान तथा शिक्षा लगायतका महत्वपूर्ण सवालहरुमा नकारात्मक असर गरिरहेको , पूर्ण सरसफाइ प्रवर्द्धनमा समेत महिनावारीको समयमा हुने गलत अभ्यासहरु र यसको वारेमा व्याप्त गलत धारणा एक समस्याको रुपमा रहेको कुरालाई मनन गर्दै,

राष्ट्रिय मर्यादित महिनावारी नीति २०७५ तयार भइसकेको, अन्तर्राष्ट्रिय रुपमा महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ लाई सन् १९९१ मा नेपालले अनुमोदन गरी नेपालको संविधान २०७२ का विभिन्न धाराहरुवाट प्रत्येक नेपालीलाई स्वतन्त्र, सम्मानपूर्वक, समानतापूर्वक स्वच्छ वातावरणमा वाच्न पाउने हक लागायत स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, उपयुक्त आवास, भेदभाव रहित जीवनयापन सम्बन्धी हकहरुको प्रत्याभुति गरेको, मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १६८ ले महिनावारी सम्बन्धमा हुने सबै किसमका भेदभाव छुवाछुत एवम् अमानवीय व्यवहारहरुलाई दण्डनीय वनाएको, राष्ट्रिय मर्यादित महिनावारी नीति २०७५ ले मर्यादित महिनावारी व्यवस्थापनलाई नीतिगत रुपमा अख्तियार समेत गरेको सन्दर्भलाई आत्मसाथ गर्दै,

किशोरी तथा महिलाहरुलाई सुरक्षित, स्वस्थ, स्वच्छ, सभ्य शिष्ट एवम् सम्मानित जीवनयापनको प्रत्याभूति गराई महिनावारीलाई मर्यादित रुपमा व्यवस्थापन गर्न तीनपाटन गाउँपालिकाले मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०८० तयार पारी लागू गरेको छ ।



मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०८०

**विषय सूची**


| | |
|---|---|
| परिच्छेद १ : प्रारम्भिक | ५ |
| १. संक्षिप्त नाम र प्रारम्भः | ५ |
| २. परिभाषाः | ५ |
| परिच्छेद २ : उद्देश्य | ६ |
| परिच्छेद ३ : कार्यक्रम सञ्चालन सम्वन्धी व्यवस्था | ७ |
| ३. मुख्य कार्यक्रम | ७ |
| ४. क्षमता विकासका क्रियाकलाप | ८ |
| ५. लक्षित समूह | ८ |
| ६. कार्यक्रम सञ्चालन गर्ने निकाय | ९ |
| ७. बैठक | १० |
| परिच्छेद ४ : भूमिका तथा जिम्मेवारी | ११ |
| ८. सरोकारवालाहरुको भूमिका तथा जिम्मेवारी | ११ |
| परिच्छेद ५ अनुगमन तथा प्रतिवेदन | १६ |
| ९. अनुगमन | १६ |
| १०. प्रतिवेदन | १६ |
| परिच्छेद ६ विविध | १७ |
| ११. अवस्था विश्लेषण तथा वार्षिक योजना तर्जुमा | १७ |
| १२. तथ्यांक संकलन | १७ |
| १३. पुरस्कार तथा दण्ड | १८ |
| १४. मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा | १८ |




CamScanner

| | |
|---|---|
| १५. विशेषाधिकार | १९ |
| १६. निर्देशिकाको कार्यान्वयन तथा पालना | १९ |
| १७. निस्क्रियता | १९ |
| १८. कार्ययोजना | १९ |
| अनुसूची १ : अवस्था विश्लेषण तथा योजना तर्जुमा फाराम | २० |
| अनुसूची २ : समुदाय स्तरमा महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासको अवस्था सर्वेक्षण फाराम | २१ |
| अनुसूची ३ : वडा स्तरमा महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासको अवस्था सर्वेक्षण फाराम | २४ |
| अनुसूची ४ : गाउँपालिका स्तरमा महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासको अवस्था सर्वेक्षण फाराम | २७ |
| अनुसूची ५ : विद्यालय स्तरमा महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासको अवस्था सर्वेक्षण फाराम | ३० |






# परिच्छेद १ : प्रारम्भिक

## १. संक्षिप्त नाम र प्रारम्भः

क. यस निर्देशिकाको नाम मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०८० रहने छ ।

ख. यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

## २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा :

क. "मर्यादित महिनावारी" भन्नाले किशोरी तथा महिलाहरु महिनावारी हुँदा भेदभाव रहित, मर्यादित, सम्मानित, सुरक्षित, स्वच्छ तथा स्वस्थ भएको अवस्थालाई जनाउँछ ।

ख. "समिति" भन्नाले मर्यादित महिनावारी व्यवस्थापनको कार्य सम्पादनको लागि गठित गाउँपालिका तथा वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिहरुलाई जनाउँछ ।

ग. "समूह" भन्नाले मर्यादित महिनावारी व्यवस्थापनका लागि गाउँपालिकास्तरीय समितिहरुलाई आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले गाउँपालिका भित्रमा सचेतनामूलक सन्देश फैलाउन वडा, टोल, विद्यालय वा समुदाय तहमा गठित विभिन्न समूहलाई जनाउँछ ।

घ. "महिनावारी मैत्री" भन्नाले किशोरी तथा महिलाहरु महिनावारी भएको वेला उपयुक्त हुने संरचना तथा व्यवस्थालाई जनाउँछ ।

ङ. "महिनावारी सरसफाइ सामग्री" भन्नाले महिनावारी स्वच्छता व्यवस्थापनका लागि प्रयोग गरिने सरसफाइ सामग्रीहरु जस्तै सेनीटरी प्याड, टाम्पुन, मेन्स्ट्रुअल कप, सफा कपडा आदिलाई जनाउँछ ।

च. "महिनावारीका जोखिमपूर्ण अभ्यासहरु" भन्नाले महिनावारी भएको बेला असुरक्षित गोठ वा स्थानमा बस्ने, चर्पी र धाराको पहुँच नहुने, सरसफाइ गाउँको अवस्था तथा खानपानमा पोषणयुक्त खानाको अभाव भएको अवस्थालाई जनाउँछ ।



CamScanner

छ. "लक्षित अनुगमन" भन्नाले मर्यादित महिनावारी व्यवस्थापनको लागि कुनै व्यक्ति, समूह, समुदाय वा सुचकाङ्कलाई लक्षित गरी निश्चित समयावधिमा गरिने अनुगमनलाई जनाउँछ।

ज. "स्थानीय तह" भन्नाले तीनपाटन गाउँपालिकालाई जनाउँछ।

झ. "गाउँपालिका" भन्नाले तीनपाटन गाउँपालिकालाई जनाउँछ।

ञ. "अध्यक्ष" भन्नाले तीनपाटन गाउँपालिकाका अध्यक्षलाई जनाउँछ।

ट. "उपाध्यक्ष" भन्नाले तीनपाटन गाउँपालिकाका उपाध्यक्षलाई जनाउँछ।

ठ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तीनपाटन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

ड. "गाउँ सभा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरे बमोजिमको गाउँ सभालाई जनाउँछ।

ढ. "गाउँ कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरे बमोजिमको गाउँ कार्यपालिकालाई जनाउँछ।

ण. "न्यायिक समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरे बमोजिमको न्यायिक समितिलाई जनाउँछ

त. "वडा" भन्नाले तीनपाटन गाउँपालिकाको वडालाई जनाउँछ।

थ. "वडा अध्यक्ष" भन्नाले तीनपाटन गाउँपालिकाका वडा अध्यक्षलाई जनाउँछ।

द. "वडा समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमको वडा समितिलाई जनाउँछ।

## परिच्छेद २ : उद्देश्य

किशोरी तथा महिलाहरु महिनावारी हुँदा पहिलो दिनदेखि तीन या चार दिनसम्म घरभित्र पनि अपवित्र रुपमा बस्नुपर्ने, जात, धर्म र सम्प्रदाय विशेषमा सामुदायिक क्रियाकलापमा सहभागिता जनाउन नपाउने, कतिपय स्थानमा सार्वजनिक धारा, शौचालय प्रयोग र कतिपय सार्वजनिक स्थलहरुमा प्रवेशमा बन्देज लगाउने, महिनावारीको समयमा सरसफाइ तथा स्वच्छता व्यवस्थापन गर्न नसक्दा विभिन्न शारीरिक, मानसिक, सामाजिक एवम् सम्वेगात्मक कठिनाइ भोग्नुपर्ने लगायतका चलनका कारण किशोरी





तथा महिलाहरु विरुद्ध हुने भेदभावपूर्ण व्यवहार, महिला विरुद्धको हिंसा र निजहरुको स्वास्थ्य र सुरक्षामा समेत गम्भीर असर पर्ने भएकाले यस्तो कुप्रथाको उन्मूलन गरी समतामूलक हुँदै समानतापूर्ण समाजको स्थापना गर्ने यो निर्देशिकाको प्रमुख उद्देश्य रहेको छ। यस निर्देशिकाका विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

क. महिनावारीको सवाललाई सम्मानजनक रुपमा समाजमा स्थापित गर्दै महिनावारीलाई मर्यादित बनाउन सहयोग पुऱ्याउने,

ख. महिनावारी सम्बन्धमा समाजमा देखिएको रुढीवादी कुसंस्कार, कुरीती र अन्धविश्वास सम्बन्धी धारणा एवं अभ्यासहरुलाई निरुत्साहित गर्दै किशोरी, महिला तथा आश्रीत वालवालिकाहरुको स्वास्थ्य, शिक्षा र सुरक्षाको अवस्था प्रत्याभूत गराउने,

ग. महिनावारी व्यवस्थापन सम्बन्धी आधारभूत सेवा, सुविधा र सामग्रीको सहज उपलब्धताको पहुँच बढाउने।

## परिच्छेद ३ : कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

### ३. मुख्य कार्यक्रम

मर्यादित महिनावारी व्यवस्थापनको लागि तीनपाटन गाउँपालिकाले निम्नानुसारको कार्यक्रम लागू गर्नेछ:

(१) महिनावारी व्यवस्थापनका अभ्यासहरुको वर्तमान अवस्थासम्बन्धी तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने,

(२) महिनावारी स्वच्छता व्यवस्थापनसम्बन्धी जोखिमपूर्ण अभ्यासहरुको नकारात्मक प्रभावको बारेमा लक्षित समूहलाई सूचित गराउदै सचेतनामूलक क्रियाकलापहरु सञ्चालन गर्ने, गराउने

(३) किशोरी तथा महिलाहरुको स्वास्थ्य, पोषण, सुरक्षा तथा आत्मसम्मान सम्बन्धमा सचेतीकरण हुने कार्यक्रम लागू गर्ने गराउने

(४) महिनावारी सम्बन्धी गलत धारणा र अभ्यासहरुको अन्त्य गर्न सहयोग गर्ने व्यक्ति, परिवार र समुदायलाई सम्मान गर्ने,

(५) महिनावारी मैत्री व्यवस्था तथा संरचना निर्माण गर्ने, गराउने

(६) अन्य सान्दर्भिक कार्यक्रमहरुको आयोजना गर्ने, गराउने।



CamScanner

## ४. क्षमता विकासका क्रियाकलाप

क. गाउँपालिका स्तरमा मर्यादित महिनावारी व्यवस्थापनका लागि आवधिक तथा आवश्यकता अनुसार नीतिगत विषयमा गोष्ठी तथा कार्यशालाहरु,

ख. गाउँपालिकाको अवस्था विश्लेषण तथा योजना तर्जुमा गोष्ठी,

ग. सूचना तथा तथ्यांक संकलन सम्बन्धी तहगत अभिमुखीकरण,

घ. गाउँपालिकाको समन्वयमा सरकारी तथा गैरसरकारी निकाय, गाउँपालिका स्तरीय विभिन्न सञ्जालहरु, वाल क्लब, किशोरी समूह, महिनावारी स्वच्छता व्यवस्थापन सरोकार समूह, धार्मिक तथा सामाजिक अगुवाहरु लगायत अभियानमा सम्मिलित सबैको लागि मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी तहगत अभिमुखीकरण, गोष्ठी तथा तालिम,

ङ. महिनावारी स्वच्छता व्यवस्थापनका लागि स्थानीय स्तरमा पुनः प्रयोग गर्न सकिने सेनिटरी प्याड निर्माण तालिम तथा समुदायमा सीप हस्तान्तरण कार्यक्रमहरु,

च. शिक्षक, पत्रकार, किशोरी, महिला, साँस्कृतिक अगुवाहरु, बालवालिका, वृद्धवृद्धामा मर्यादित महिनावारीबारे विशेष कार्यक्रमहरु तथा अवलोकन भ्रमण,

छ. मार्यादित महिनावारी क्षेत्र घोषणा कार्यक्रमको लागि अभिमुखीकरण,

ज. जनचेतनाका लागि मिडिया सहकार्य तथा चेतनामूलक सामग्री प्रसारण,

झ. सूचना, शिक्षा तथा सञ्चार व्यवस्थापन,

ञ. समीक्षा गोष्ठी,

ट. अन्य सान्दर्भिक क्षमता विकासका क्रियाकलापहरु

## ५. लक्षित समूह

क. किशोरी, महिला तथा आश्रित बालबालिका,

ख. किशोरी समूह, महिला समूह, आमा समूह, उपभोक्ता समिति, महिला सञ्जाल, वाल क्लब आदि,

ग. समुदाय (धामी, झाँक्री, पूजारी, जेष्ठ नागरिक तथा परिवारका अन्य सदस्यहरु, सामाजिक तथा धार्मिक अगुवा),

घ. शिक्षण तथा स्वास्थ्य संस्थाहरु,





ङ. स्थानीय तह स्थित विभिन्न सञ्जाल तथा मञ्च,

च. अन्य सरोकारवाला ।

## ६. कार्यक्रम सञ्चालन गर्ने निकाय

क. मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी खण्ड (३) र (४) वमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न गाउँपालिका मूख्य जिम्मेवार निकाय हो । उक्त कार्यक्रमहरु सञ्चालनमा विशिष्टिकृत भूमिका बहन गर्नको लागि गाउँपालिकाले देहाय बमोजिमका समितिहरु गठन गर्नेछ ।

**ख. गाउँपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समिति**

१. गाउँपालिका अध्यक्षः संरक्षक
२. गाउँपालिका उपाध्यक्ष : संयोजक
३. गाउँ कार्यपालिकाबाट महिला सदस्यहरु दुई जना : सदस्य
४. गाउँपालिका अन्तरगत महिला विकास शाखा प्रमुख : सदस्य
५. गाउँपालिका अन्तरगत खा.पा. तथा स./पूर्वाधार विकास शाखा प्रमुख वा सरसफाइ फोकल पर्सन : सदस्य
६. गाउँपालिका अन्तरगत स्वास्थ्य शाखा प्रमुख : सदस्य
७. गाउँपालिका अन्तरगत शिक्षा शाखा प्रमुख : सदस्य
८. गाउँपालिका अन्तरगत कृषि शाखा प्रमुख : सदस्य
९. गाउँपालिका स्तरीय महिला सञ्जाल प्रतिनिधि : सदस्य
१०. गाउँपालिका स्तरीय वाल क्लब प्रतिनिधि : सदस्य
११. सामाजिक तथा धार्मिक अगुवा प्रतिनिधि (२ जना) : सदस्य
१२. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका प्रतिनिधि दुई जना : सदस्य
१३. गाउँपालिकास्तरीय अपांग किशोरी समूहबाट एक जना : सदस्य
१४. खानेपानी, सरसफाइ, स्वच्छता र महिला सशक्तीकरणको क्षेत्रमा क्रियाशील संघसंस्थाका प्रतिनिधि दुई जना : सदस्य
१५. सुरक्षा निकायका प्रतिनिधि : सदस्य
१६. गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत : सदस्य सचिव



CamScanner

## ग. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समिति

| | |
|---|---|
| १. वडा अध्यक्ष : | संयोजक |
| २. वडा समितिका सदस्यहरु | सदस्य |
| ३. वडा स्थित स्वास्थ्य संस्था प्रमुख | सदस्य |
| ४. वडा स्तरीय महिला सञ्जाल प्रतिनिधि | सदस्य |
| ५. वडा स्तरीय वाल क्लब प्रतिनिधि | सदस्य |
| ६. किशोरी समूह/साथी समूह वा अन्य समूह प्रतिनिधि सदस्य | |
| ७. समाजिक महिला अभियन्ता/आमा समूह प्रतिनिधि सदस्य | |
| ८. महिला स्वास्थ्य स्वयंसेविकाहरु | सदस्य |
| ९. सामाजिक तथा धार्मिक अगुवा (२ जना) | सदस्य |
| १०. विद्यालय प्रतिनिधि (२ जना) | सदस्य |
| ११. मिडिया प्रतिनिधि (१ जना) | सदस्य |
| १२. वडास्तरीय अपांग किशोरी समूहबाट १ जना : | सदस्य |
| १३. वडा सचिव सदस्य | सचिव |

### ७. बैठक

क. गाउँपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ ।

ख. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ।

ग. समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले वोलाउनेछ ।

घ. समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले बैठकपूर्व सदस्यहरुलाई जानकारी गराउनेछ ।

ङ. कम्तिमा तीन महिला सदस्य सहित समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।





च. समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुमध्ये बाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

छ. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

ज. बैठक सम्बन्धी अन्य कार्यविधि सम्वन्धित समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

झ. प्रत्येक छ महिनामा गाउँपालिका तथा वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिको संयुक्त प्रगति समिक्षा बैठक वस्नेछ।

## परिच्छेद ४ : भूमिका तथा जिम्मेवारी

### ८. सरोकारवालाहरुको भूमिका तथा जिम्मेवारी

### क. गाउँपालिका

(१) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी संघीय, प्रादेशिक तथा गाउँपालिका स्तरीय कानूनको पूर्ण कार्यान्वयन गर्ने, गराउने,

(२) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी सङ्कलित सूचना तथा तथ्याङ्को अभिलेख राख्ने,

(३) मर्यादित महिनावारी व्यवस्थापनका लागि बजेटको व्यवस्था गर्ने,

(४) विद्यालय तथा अन्य सार्वजनिक स्थलहरूमा महिनावारीमैत्री मापदण्ड ( विद्यालयको हकमा तीनपाटन गाउँपालिकाले पारित गरी कार्यान्यनमा ल्याएको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि २०८० ले निर्धारण गरेका दश सूचक) को आधारमा आधारभूत खानेपानी तथा सरसफाइका संरचनाहरु निर्माण गर्ने, गराउने,

(५) गाउँपालिका तथा वडा स्तरीय समितिहरुको कार्य सम्पादनको अनुगमन, सुपरिवेक्षण तथा कार्यसम्पादन मूल्याङ्कन गरी आवश्यक सल्लाह सुझाव दिने,

(६) मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति, समूह, संघ संस्था, नमुना घर, समुदाय, टोल तथा वडालाई सम्मान तथा पुरस्कृत गर्ने,



CamScanner

(७) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने, गराउने,

(८) मातहतका समितिहरु र अन्य सरोकारवालाहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(९) नियमित अनुगमन गर्ने,

(१०) उजुरीहरुमाथि आवश्यक कारवाही गर्ने,

## ख. गाउँपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समिति

(१) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी वार्षिक कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(२) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गरी गाउँपालिकामा पेश गर्ने,

(३) विद्यालय तथा अन्य सार्वजनिक स्थलहरूमा महिनावारीमैत्री खानेपानी तथा सरसफाइका संरचना भए नभएको एकिन गरी गाउँपालिकामा प्रतिवेदन पेश गर्ने र नभएको भए सो बमोजिम निर्माणको लागि सुझाउने,

(४) वडा स्तरीय समितिहरुलाई कार्ययोजना बमोजिम कार्यसम्पादनमा आवश्यक सहयोग गर्ने र आवश्यकता अनुसार सल्लाह सुझाव दिने,

(५) मर्यादित महिनावारी व्यवस्थापनको अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक क्षमता विकासका क्रियाकलापहरु पहिचान गरी सञ्चालन गर्ने,

(६) मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(७) व्यवहार परिवर्तका लागि सूचना, शिक्षा, सञ्चार सम्बन्धी क्रियाकलापहरु प्राथमिकताका साथ सञ्चालन गर्ने,

(८) मातहतका समितिहरु र अन्य सरोकारवालाहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(९) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा अभियान सक्रिय रुपमा सञ्चालन गर्ने,





(१०) मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा उत्कृ[illegible] योगदान गर्ने व्यक्ति, समुदाय तथा संघ संस्था पहिचान गरी गा[illegible]कामा प्रतिवेदन पेश गर्ने,

(११) वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले पेश गरे[illegible] प्रतिवेदनहरुलाई एकाकार गरी गाउँ कार्यपालिकामा पेश गर्ने,

(१२) उजुरीहरुको सुनुवाइको लागि सहजीकरण गर्ने,

(१३) नियमित अनुगमन गर्ने ।

## ग. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समिति

(१) गाउँपालिका स्तरीय समितिले उपलब्ध गराएको कार्यक्रम अनुसार विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने

(२) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी आधारभूत तथा आवधिक सूचना तथा तथ्याङ्क सङ्कलन गरी गाउँपालिकास्तरीय समितिमा पेश गर्ने

(३) कार्यक्रम सञ्चालन गर्दा सबै लक्षित वर्ग समेटिएको सुनिश्चित गर्ने,

(४) विद्यालय तथा अन्य सार्वजनिक स्थलहरूमा भएका खानेपानी तथा सरसफाइ सम्बन्धी संरचनाहरुको अनुगमन गरी महिनावारी मैत्री संरचना र तिनको प्रयोग भए नभएको सन्दर्भमा गाउँपालिका स्तरीय समितिलाई प्रतिवेदन गर्ने,

(५) मर्यादित महिनाबारी व्यवस्थापनको लागि महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी विभिन्न तालिम, गोष्ठी तथा अभियानहरु सञ्चालन गर्ने,

(६) मर्यादित महिनावारी व्यवस्थापनको आवधिक प्रगति प्रतिवेदन गाउँपालिका स्तरीय समितिमा पेश गर्ने,

(७) मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसंग समन्वय तथा सहकार्य गर्ने,

(८) मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट व्यक्ति, समुदाय तथा संघ संस्था पहिचानमा गाउँपालिका स्तरीय समितिलाई सहयोग गर्ने,



CamScanner

(९) व्यवहार परिवर्तका लागि सूचना, शिक्षा, सञ्चार सम्बन्धी क्रियाकलापहरु प्राथमिकताका साथ सञ्चालन गर्ने,

(१०) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा अभियान सक्रिय रुपमा सञ्चालन गर्ने,

(११) गाउँपालिका स्तरीय समितिलाई आवश्यक सहयोग गर्ने,

(१२) नियमित अनुगमन गर्ने ।

## घ. धामी, झाँक्री, पूजारी, मुखिया तथा जेष्ठ नागरिक

(१) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी आयोजित क्रियाकलापहरुमा सहभागी भई यस सम्बन्धी सकारात्मक धारणा विकास गराउने,

(२) महिनावारीको सम्वन्धमा सकारात्मक सन्देशहरु प्रवाहमा सहयोग गर्ने,

(३) महिनावारीका मर्यादित व्यवहारहरुलाई आत्मसाथ गरी नमुना व्यवहार प्रदर्शनमा सहयोग गर्ने,

(४) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा अभियानमा सरिक हुने ।

## ङ. विद्यालय

(१) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि २०८० अनुरुप विद्यालयमा महिनावारी मैत्री खानेपानी तथा सरसफाइ संरचना अनिवार्य गरी उचित रुपमा प्रयोग गर्ने, गराउने र ती संरचनाहरुको नियमित रुपमा सञ्चालन तथा मर्मत संभार व्यवस्थापन गर्ने,

(२) विद्यालयमा मर्यादित महिनावारीका नमुना व्यवहारहरु अबलम्बन एवम् प्रदर्शन गराउने, र बालबालिका तथा अभिभावक समक्ष त्यसको प्रचार गर्ने,

(३) महिनावारी शिक्षालाई प्राथमिकताका साथ अध्यापन गराउने,

(४) पठनपाठनमा बाधा नपुग्ने गरी मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी विभिन्न क्रियाकलापहरुमा सहभागिता जनाउने,

(५) विद्यालयमा महिनावारी सरसफाइ सामग्रीको व्यवस्थापन गर्ने,

(६) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा अभियानमा सरिक हुने।





## च. उपभोक्ता समिति तथा अन्य समूह

(१) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी विभिन्न क्रियाकलापहरुमा सरिक हुने,

(२) महिनावारी सम्बन्धी सकरात्मक सन्देश फैलाउने,

(३) आफ्नो समिति वा समूहका सम्पूर्ण सदस्यहरुलाई नमूना व्यवहार अबलम्बन एवम् प्रदर्शन गर्न लगाउने,

(४) नियमित बैठकमा महिनावारी शिक्षा सम्बन्धी छलफल गर्ने,

(५) स्वस्थकर आनीबानी अपनाउने र अरुलाई समेत अपनाउन उत्प्रेरित गर्ने,

(६) विभिन्न सचेतनामुलक अभियानहरु तथा क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गर्ने,

(७) खानेपानी (धारा), सरसफाइ (चर्पी), पोषण (दुध, दही, ध्यू, आदि) लगायतका सेवा सुविधामा महिनावारी भएको किशोरी तथा महिलाको पहुँच पुऱ्याउन सहयोग गर्ने,

(८) गाउँपालिका र मर्यादित महिनावारी व्यवस्थापन समितिले सम्पादन गर्ने कार्यमा सक्रिय सहयोग गर्ने,

(९) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा अभियानमा सक्रिय रुपमा सरिक हुने,

(१०) नियमित अनुगमन गर्ने ।

## छ. स्वास्थ्य संस्था

(१) स्वास्थ्य संस्थामा महिनावारीमैत्री खानेपानी तथा सरसफाइ संरचना अनिवार्य गरी सोको उचित रुपमा प्रयोग गर्ने र ती संरचनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने,

(२) सेवाग्राहीलाई महिनावारी सरसफाइ, स्वच्छता एवम् पोषण सम्बन्धी आवश्यक परामर्श दिने कार्यलाई अनिवार्य गर्ने,

(३) मर्यादित महिनावारी व्यवस्थापनको लागि गाउँपालिका वा व्यवस्थापन समितिहरुले आयोजना गर्ने विभिन्न कार्यक्रममा स्वास्थ्य संस्थासँग सम्बन्धित सञ्जाल एवम् व्यक्तिहरु परिचालन गर्ने गराउने,



CamScanner

(४) मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा अभियानमा सरिक हुने।

## परिच्छेद ५ : अनुगमन तथा प्रतिवेदन

### ९. अनुगमन

क. मर्यादित महिनावारी व्यवस्थापनको लागि गाउँपालिका, वडा समिति तथा मर्यादित महिनावारी व्यवस्थापन समितिहरु अनुगमनको लागि प्रमुख जिम्मेवार हुनेछन् ।

ख. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले नियमित रुपमा महिनावारी व्यवस्थापनको अवस्था अनुगमन गर्नेछ । औपचारिक अनुगमन कम्तिमा प्रत्येक छ महिनामा हुनेछ । लक्षित अनुगमन, समितिले निर्णय गरे बमोजिम कुनै पनि बेलामा हुन सक्नेछ ।

ग. गाउँपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले कम्तिमा वर्षमा एक पटक अनुगमन गर्नेछ । लक्षित अनुगमन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

घ. गाउँपालिका र वडा समितिले निर्णय गरे बमोजिम अनुगमन गर्नेछन् ।

ङ. नागरिक समाजले पनि मर्यादित महिनावारी व्यवस्थापनको सन्दर्भमा अनुगमन गर्न सक्नेछ ।

च. अनुगमन गर्ने विधि गाउँपालिका, वडा समिति वा मर्यादित महिनावारी व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

### १०. प्रतिवेदन

क. खण्ड ९ को -ख) अनुसार गरिने अनुगमनको आधारमा वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले महिनावारी स्वच्छता व्यवस्थापन र महिनावारीका जोखिमपूर्ण अभ्यासहरुको वास्तविक अवस्थाको प्रतिवेदन तयार पारी गाउँपालिकास्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिमा प्रत्येक छ महिनामा पेश गर्नेछ ।

ख. लक्षित अनुगमनको क्रममा पाइएको महिनावारी स्वच्छता व्यवस्थापन र महिनावारीका जोखिमपूर्ण अभ्यासहरुको अवस्थाको सन्दर्भमा वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले आफ्नो नियमित





बैठकमा छलफल गर्नेछ र सो को जानकारी गाउँपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिमा दिनेछ ।

ग. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले पेश गरेका प्रतिवेदनहरुलाई गाउँपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले एकाकार गरी गाउँ कार्यपालिकामा पेश गर्नेछ । गाउँ कार्यपालिकाले अगामी बैठकमा समिक्षा गरी अभिलेख अद्यावधिक गर्न लगाउनेछ ।

घ. गाउँ कार्यपालिकाले महिनावारी व्यवस्थापनको वार्षिक प्रतिवेदन तयार पारी समिक्षा तथा आवश्यक निर्णयार्थ गाउँ कार्यपालिकामा पेश गर्नेछ।

ङ. मर्यादित महिनावारी व्यवस्थापन सम्वन्धी प्रतिवेदन अनुसूचिमा उल्लेखित फारामहरु अनुसार सङ्कलित तथ्याङ्कको आधारमा तयार पारिनेछ ।

## परिच्छेद ६ विविध

### ११. अवस्था विश्लेषण तथा वार्षिक योजना तर्जुमा

क. गाउँपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले महिनावारी सम्वन्धी ढाँचामा आधारित अवस्था विश्लेपण गरी गाउँपालिकाको वार्षिक योजना तर्जुमा गर्नेछ ।

### १२. तथ्यांक संकलन

क. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले अनुसूचि २ को 'क' र 'ख' तथा अनुसूचि ३ को 'क' मा उल्लेखित फाराम अनुसारको तथ्याङ्गत सूचनाहरु आधारभूत (शुरुमा) तथा आवधिक (प्रत्येक ६ महिनामा) रुपमा संकलन गरी प्रतिवेदनको रुपमा गाउँपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिमा पेश गर्नेछ ।

ख. गाउँपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले पेश गरेका दफा १३ को 'क' मा उल्लेखित तथ्याङ्गत सूचनाहरु एकाकार गरी प्रतिवेदनको रुपमा गाउँपालिकामा पेश गर्नेछ ।



CamScanner

ग. आधारभूत तथ्याङ्क संकलन गर्दा सम्पूर्ण घरहरुबाट र प्रत्येक ६ महिनामा प्रगति सम्बन्धी तथ्याक संकलन गर्दा नमूना विधि अपनाई निश्चित घरपरिवारबाट तथ्याङ्क सङ्कलन गरिनेछ ।

## १३. पुरस्कार तथा दण्ड

क. गाउँपालिकाले किशोरी तथा महिलाको रजस्वला सम्बन्धी भेदभावलाई दण्डनीय अपराधको रुपमा व्यवस्था गरिएको कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्नेछ ।

ख. मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति, समूह, संघ संस्था, नमूना घर, समुदाय, टोल तथा वडालाई गाउँपालिकाले सम्मान तथा पुरस्कृत गर्नेछ । यसको लागि गाउँ कार्यपालिकाले मापदण्ड तय गरी व्यक्ति, घर, समूह टोल, संघ संस्था आदि छनौट गर्नेछ ।

## १४. मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा

क. गाउँपालिकाले घर, छिमेक, टोल, वडाहुँदै गाउँपालिकालाई नै मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नेछ ।

ख. दफा १५ को 'क' मा उल्लेखित अवस्था परिपूर्ति हुन देहाय बमोजिमका न्यूनतम आधारहरुलाई ध्यान दिइनेछ ।

(१) महिनावारी भएका किशोरी तथा महिलाको सरसफाइको लागि धारा र चर्पीमा पहुँच,

(२) महिनावारी भएका किशोरी तथा महिलाको सुरक्षित बस्ने तथा सुत्ने स्थानको उपलब्धता,

(३) महिनावारी भएका किशोरी तथा महिलालाई पोषणयुक्त खानेकुराहरु (दुध, दही, घिउ)मा पहुँच,

(४) महिनावारी भएका किशोरी तथा महिलाको महिनावारी सरसफाइ सामग्रीसँगको पहुँच, प्रयोग तथा पुनः प्रयोगको ज्ञान र उचित विर्सजन गर्ने व्यवस्था (घरायसी, सामुहिक र संस्थागत तीनै तहमा उपलब्धता र विसर्जनको समुचित व्यवस्था)





(५) विद्यालय सहित प्रत्येक सार्वजनिक स्थलमा महिनावारीमैत्री खानेपानी तथा सरसफाइ संरचनाको व्यवस्था,

## १५. विशेषाधिकार

क. यस निर्देशिकामा भएका प्रावधानहरूको संशोधन गर्ने अधिकार गाउँ सभामा रहनेछ ।

ख. यस निर्देशिकामा भएका प्रावधानहरू स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार गाउँपालिकाको न्यायिक समितिमा रहनेछ ।

## १६. निर्देशिकाको कार्यान्वयन तथा पालना

क. गाउँपालिकाका सबै जनप्रतिनिधि, कर्मचारी, विभिन्न, समिति तथा समूह, अन्य सरोकारवाला र सम्वद्ध सबैले यो निर्देशिकाको पूर्ण पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## १७. निस्क्रियता

क. यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए पनि तत्काल प्रचलित कानूनसंग बाझिएमा, बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

## १८. कार्ययोजना

क. गाउँपालिकाकाले यस निर्देशिकाको अधिनमा रही मर्यादित महिनावारी व्यवस्थापनको लागि वार्षिक तथा आवधिक कार्ययोजना बनाई लागू गर्नेछ ।



CamScanner

अनुसूची १ : अवस्था विश्लेषण तथा योजना तर्जुमा फाराम

तीनपाटन गाउँपालिका

## अवस्था विश्लेषण तथा योजना तर्जुमा फाराम

| क्र.सं. | समस्या वा जोखिमपूर्ण व्यवहार | कारण | मुख्य वाधकहरु | समाधानका लागि प्रस्तावित क्रियाकलाप | आवश्यक बजेट | | | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गाउँपालिका | समुदाय | अन्य | | |
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| ४. | | | | | | | | | |
| ५. | | | | | | | | | |
| ६. | | | | | | | | | |
| ७. | | | | | | | | | |
| ८. | | | | | | | | | |





अनुसूची २ : समुदाय स्तरमा महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासको अवस्था सर्वेक्षण फाराम

तीनपाटन गाउँपालिका

## महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासको अवस्था सर्वेक्षण फाराम

वडा नं. टोल : टोलको जम्मा घरधुरी संख्या

| क्र.सं. | सूचक | घर नं. | घर नं. | घर नं. | घर नं. | घर नं. | घर नं. | टोलको जम्मा घरधुरीको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हालको अवस्था (छ/छैन) | | | | | | जम्मा घरधुरी संख्या | | प्रतिशत | |
| | | | | | | | | छ | छैन | छ | छैन |
| १. | महिनावारी भएको वेला साविकको जस्तै गरी बस्ने गरेको | | | | | | | | | | |
| २. | सुत्केरी भएको वेला साविकको जस्तै गरी बस्ने गरेको | | | | | | | | | | |
| ३. | महिनावारी भएको वेला चर्पीको निर्वाध प्रयोग गर्ने गरेको | | | | | | | | | | |
| ४. | सुत्केरी भएको वेला चर्पीको निर्वाध प्रयोग गर्ने गरेको | | | | | | | | | | |
| ५. | महिनावारी भएको वेला चर्पी प्रयोग गर्न परिवारका सदस्यवाट सहज अनुमति पाउने गरेको | | | | | | | | | | |
| ६. | सुत्केरी भएको वेला चर्पी प्रयोग गर्न परिवारका सदस्यवाट सहज अनुमति पाउने गरेको | | | | | | | | | | |



CamScanner

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | महिनावारीको बेला बजारमा पाइने सेनिटरी प्याड प्रयोग गर्ने गरेको | | | | | | | | | | |
| ८. | वजारमा पाइने सेनिटरी प्याडको विसर्जन कसरी गर्ने गरेको ?<br>पुर्ने गरेको<br>जलाउने गरेको<br>अन्य फोहरसँगै फाल्ने गरेको<br>नजिकै झाडी खोल्सामा फाल्ने गरेको | | | | | | | | | | |
| ९. | महिनावारी भएको बेला घरमा नै बनाएको कपडाका प्याड लगाउने गरेको छ ? | | | | | | | | | | |
| १०. | घरैमा सुरक्षित प्याड बनाउने तरिका थाहा छ ? | | | | | | | | | | |
| ११. | महिनावारी भएको बेला सेनिटरी प्याड लगाएपछि साबुन पानीले हात धुने गरेको छ ? | | | | | | | | | | |
| १२. | महिनावारी भएको बेला सामान्य अवस्थामा जस्तै साबुन वा डिटर्जेन्ट प्रयोग गरी कपडा धुने गरेको छ ? | | | | | | | | | | |
| १३. | महिनावारीको बेला प्याडको रुपमा प्रयोग गरिएको पुनः प्रयोग गर्न मिल्ने कपडा धोएर घाममा सुकाउने गरेको छ ? | | | | | | | | | | |
| १४. | महिनावारी वा सुत्केरी भएको बेला धारा निर्वाध रुपमा प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | |
| १५. | महिनावारी भएको बेला नियमित नुहाउने गरेको छ ? | | | | | | | | | | |





| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६. | किशोरी महिनावारी हुँदा अलग्गै पानीको श्रोतमा गई नुहाउने गरेको छ ? | | | | | | | | | | |
| १७. | महिनावारी भएको बेला खानामा कुनै फेरबदल हुने गरेको छ ? | | | | | | | | | | |
| १८. | महिनावारीको समयमा घरभित्र कुनै काममा निषेध हुने गरेको छ ? | | | | | | | | | | |
| १९. | महिनावारीको समयमा कुनै सार्वजनिक काममा निषेध हुने गरेको छ ? | | | | | | | | | | |
| २०. | महिनावारीको समयमा किशोरीहरु पूर्ण नियमित रुपमा विद्यालय जाने गरेको छ ? | | | | | | | | | | |
| २१. | समुदायमा स्यानिटरी प्याड चाहिएको बेला उपलब्ध हुन सक्छ ? | | | | | | | | | | |
| २२. | परिवारका पुरुष सदस्यले सेनिटरी प्याड किनेर ल्याउन सहयोग गर्ने गरेको छ ? | | | | | | | | | | |
| २३. | महिनावारीको समयमा आउने शारीरिक, वा संवेगात्मक समस्याको बारेमा परिवारमा छलफल गर्ने गरेको छ ? | | | | | | | | | | |
| २४. | महिनावारीको समयमा आउने शारीरिक, वा संवेगात्मक समस्याको बारेमा परिवारमा पुरुष सदस्यसँग पनि छलफ गर्ने गरेको छ ? | | | | | | | | | | |

**अनुसूची ३ : वडा स्तरमा महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासको अवस्था सर्वेक्षण फाराम**

**तीनपाटन गाउँपालिका**

## महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासको अवस्था सर्वेक्षण फाराम

वडा नं. वडाका जम्मा टोल संख्या : वडाको जम्मा घरधुरी संख्या

| क्र. सं. | सूचक | टोलको नाम | | टोलको नाम | | टोलको नाम | | वडाको जम्मा घरधुरीको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हालको अवस्था (छ/छैन) | | | | | | जम्मा घरधुरी संख्या | | प्रतिशत | |
| | | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| १. | महिनावारी भएको बेला साविकको जस्तै गरी बस्ने गरेको | | | | | | | | | | |
| २. | सुत्केरी भएको बेला साविकको जस्तै गरी बस्ने गरेको | | | | | | | | | | |
| ३. | महिनावारी भएको बेला चर्पीको निर्वाध प्रयोग गर्ने गरेको | | | | | | | | | | |
| ४. | सुत्केरी भएको बेला चर्पीको निर्वाध प्रयोग गर्ने गरेको | | | | | | | | | | |
| ५. | महिनावारी भएको बेला चर्पी प्रयोग गर्न परिवारका सदस्यबाट सहज अनुमति पाउने गरेको | | | | | | | | | | |
| ६. | सुत्केरी भएको बेला चर्पी प्रयोग गर्न परिवारका सदस्यबाट सहज अनुमति पाउने गरेको | | | | | | | | | | |





| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | महिनावारीको बेला बजारमा पाइने सेनिटरी प्याड प्रयोग गर्ने गरेको | | | | | | | | | | |
| ८. | बजारमा पाइने सेनिटरी प्याडको विसर्जन कसरी गर्ने गरेको?<br>पुर्ने गरेको<br>जलाउने गरेको<br>अन्य फोहरसँगै फाल्ने गरेको<br>नजिकै झाडी खोल्सामा फाल्ने गरेको | | | | | | | | | | |
| ९. | महिनावारी भएको बेला घरमा नै बनाएको कपडाका प्याड लगाउने गरेको छ ? | | | | | | | | | | |
| १०. | घरैमा सुरक्षित प्याड बनाउने तरिका थाहा छ ? | | | | | | | | | | |
| ११. | महिनावारी भएको बेला सेनिटरी प्याड लगाएपछि साबुन पानीले हात धुने गरेको छ ? | | | | | | | | | | |
| १२. | महिनावारी भएको बेला सामान्य अवस्थामा जस्तै साबुन वा डिटर्जेन्ट प्रयोग गरी कपडा धुने गरेको छ ? | | | | | | | | | | |
| १३. | महिनावारीको बेला प्याडको रुपमा प्रयोग गरिएको पुनः प्रयोग गर्न मिल्ने कपडा धोएर घाममा सुकाउने गरेको छ ? | | | | | | | | | | |
| १४. | महिनावारी वा सुत्केरी भएको बेला धारा निर्वाध रुपमा प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५. | महिनावारी भएको बेला नियमित नुहाउने गरेको छ ? | | | | | | | | | | |
| १६. | किशोरी महिनावारी हुँदा अलग्गै पानीको श्रोतमा गई नुहाउने गरेको छ ? | | | | | | | | | | |
| १७. | महिनावारी भएको बेला खानामा कुनै फेरबदल हुने गरेको छ ? | | | | | | | | | | |
| १८. | महिनावारीको समयमा घरभित्र कुनै काममा निषेध हुने गरेको छ ? | | | | | | | | | | |
| १९. | महिनावारीको समयमा कुनै सार्वजनिक काममा निषेध हुने गरेको छ ? | | | | | | | | | | |
| २०. | महिनावारीको समयमा किशोरीहरु पूर्ण नियमित रुपमा विद्यालय जाने गरेको छ ? | | | | | | | | | | |
| २१. | समुदायमा स्यानिटरी प्याड चाहिएको बेला उपलब्ध हुन सक्छ ? | | | | | | | | | | |
| २२. | परिवारका पुरुष सदस्यले सेनिटरी प्याड किनेर ल्याउन सहयोग गर्ने गरेको छ ? | | | | | | | | | | |
| २३. | महिनावारीको समयमा आउने शारीरिक, वा संवेगात्मक समस्याको बारेमा परिवारमा छलफल गर्ने गरेको छ ? | | | | | | | | | | |
| २४. | महिनावारीको समयमा आउने शारीरिक, वा संवेगात्मक समस्याको बारेमा परिवारमा पुरुष सदस्यसँग पनि छलफल गर्ने गरेको छ ? | | | | | | | | | | |





**अनुसूची ४ : गाउँपालिका स्तरमा महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासको अवस्था सर्वेक्षण फाराम**

**तीनपाटन गाउँपालिका**

## महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासको अवस्था सर्वेक्षण फाराम

गाउँपालिकाको जम्मा सर्वेक्षण गरिएको वडा संख्या : सर्वेक्षण गरिएको जम्मा घरधुरी संख्या

| क्र. सं | सूचक | वडा नं. | | वडा नं. | | वडा नं. | | नपाको जम्मा घरधुरीको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हालको अवस्था (छ/छैन) | | | | | | जम्मा घरधुरी संख्या | | प्रतिशत | |
| | | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| १. | महिनावारी भएको बेला साविकको जस्तै गरी बस्ने गरेको | | | | | | | | | | |
| २. | सुत्केरी भएको बेला साविकको जस्तै गरी बस्ने गरेको | | | | | | | | | | |
| ३. | महिनावारी भएको बेला चर्पीको निर्वाध प्रयोग गर्ने गरेको | | | | | | | | | | |
| ४. | सुत्केरी भएको बेला चर्पीको निर्वाध प्रयोग गर्ने गरेको | | | | | | | | | | |
| ५. | महिनावारी भएको बेला चर्पी प्रयोग गर्न परिवारका सदस्यवाट सहज अनुमति पाउने गरेको | | | | | | | | | | |
| ६. | सुत्केरी भएको बेला चर्पी प्रयोग गर्न परिवारका सदस्यवाट सहज अनुमति पाउने गरेको | | | | | | | | | | |
| ७. | महिनावारीको बेला वजारमा पाइने सेनिटरी प्याड प्रयोग | | | | | | | | | | |



CamScanner

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने गरेको | | | | | | | | | | |
| ८. | बजारमा पाइने सेनिटरी प्याडको विसर्जन कसरी गर्ने गरेको ?<br>पुर्ने गरेको<br>जलाउने गरेको<br>अन्य फोहरसँगै फाल्ने गरेको<br>नजिकै झाडी खोल्सामा फाल्ने गरेको | | | | | | | | | | |
| ९. | महिनावारी भएको बेला घरमा नै बनाएको कपडाका प्याड लगाउने गरेको छ ? | | | | | | | | | | |
| १०. | घरैमा सुरक्षित प्याड बनाउने तरिका थाहा छ ? | | | | | | | | | | |
| ११. | महिनावारी भएको बेला सेनिटरी प्याड लगाएपछि साबुन पानीले हात धुने गरेको छ ? | | | | | | | | | | |
| १२. | महिनावारी भएको बेला सामान्य अवस्थामा जस्तै साबुन वा डिटर्जेन्ट प्रयोग गरी कपडा धुने गरेको छ ? | | | | | | | | | | |
| १३. | महिनावारीको बेला प्याडको रुपमा प्रयोग गरिएको पुन: प्रयोग गर्न मिल्ने कपडा धोएर घाममा सुकाउने गरेको छ ? | | | | | | | | | | |
| १४. | महिनावारी वा सुत्केरी भएको बेला धारा निर्वाध रुपमा प्रयोग गर्ने गरेको छ ? | | | | | | | | | | |
| १५. | महिनावारी भएको बेला नियमित नुहाउने गरेको छ ? | | | | | | | | | | |





| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६. | किशोरी महिनावारी हुँदा अलगै पानीको श्रोतमा गई नुहाउने गरेको छ ? | | | | | | | | | | |
| १७. | महिनावारी भएको बेला खानामा कुनै फेरबदल हुने गरेको छ ? | | | | | | | | | | |
| १८. | महिनावारीको समयमा घरभित्र कुनै काममा निषेध हुने गरेको छ ? | | | | | | | | | | |
| १९. | महिनावारीको समयमा कुनै सार्वजनिक काममा निषेध हुने गरेको छ ? | | | | | | | | | | |
| २०. | महिनावारीको समयमा किशोरीहरु पूर्ण नियमित रुपमा विद्यालय जाने गरेको छ ? | | | | | | | | | | |
| २१. | समुदायमा स्यानिटरी प्याड चाहिएको बेला उपलब्ध हुन सक्छ ? | | | | | | | | | | |
| २२. | परिवारका पुरुष सदस्यले सेनिटरी प्याड किनेर ल्याउन सहयोग गर्ने गरेको छ ? | | | | | | | | | | |
| २३. | महिनावारीको समयमा आउने शारीरिक, वा संवेगात्मक समस्याको बारेमा परिवारमा छलफल गर्ने गरेको छ ? | | | | | | | | | | |
| २४. | महिनावारीको समयमा आउने शारीरिक, वा संवेगात्मक समस्याको बारेमा परिवारमा पुरुष सदस्यसँग पनि छलफल गर्ने गरेको छ ? | | | | | | | | | | |



CS CamScanner

अनुसूची ५ : विद्यालय स्तरमा महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासको अवस्था सर्वेक्षण फाराम

तीनपाटन गाउँपालिका

## विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासको अवस्था सर्वेक्षण फाराम

वडा नं. वडामा भएका जम्मा विद्यालयहरु

| क्र. सं | सूचक | विद्यालयको नाम | | विद्यालयको नाम | | विद्यालयको नाम | | विद्यालयको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हालको अवस्था (छ/छैन) | | | | | | जम्मा संख्या | | प्रतिशत | |
| | | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| १. | सबै छात्राहरु महिनावारीको समयमा नियमित विद्यालय आउने गरेका छन् ? | | | | | | | | | | |
| २. | छात्राहरुले महिनावारीको समयमा विद्यालयको शौचालय नै प्रयोग गर्ने गरेका छन् ? | | | | | | | | | | |
| ३. | मार्गदर्शन अनुसार १:२५ को अनुपातमा छात्रामैत्री शौचालयको व्यवस्था छ ? | | | | | | | | | | |
| ४. | चर्पी र यूरिनल १:४ को अनुपातमा उपलब्ध छ ? | | | | | | | | | | |
| ५. | प्रयोग गरेको प्याड वा कपडा बाल्ने ठाउँ/इन्सिनेरेटरको व्यवस्था छ ? | | | | | | | | | | |





| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | इन्सिनेरेटरको व्यवस्था नभएको अवस्थामा बिर्कोसहितको डस्ट बिनको व्यवस्था छ ? | | | | | | | | | | |
| ७. | महिनावारीको समयमा प्याड फेर्ने गोप्य स्थान छ ? | | | | | | | | | | |
| ८. | महिनावारी सामग्री व्यवस्थापनपछि साबुन पानीले हात धुने व्यवस्था छ ? | | | | | | | | | | |
| ९. | छात्रा शौचालयभित्र साबुन पानीले हात धुने पहुँच छ ? | | | | | | | | | | |
| १०. | कार्यविधिले निर्धारण गरे बमोजिम सफाइका लागि पानीको पर्याप्तता छ ? | | | | | | | | | | |
| ११. | महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी सचेतना कक्षाहरु हुने गरेका छन् ? | | | | | | | | | | |
| १२. | विद्यालयले नियमित रुपमा सेनिटरी प्याड उपलब्ध गराउने गरेको छ ? | | | | | | | | | | |
| १३. | विद्यालयमा जेण्डर फोकल शिक्षकको व्यवस्था गरिएको छ ? | | | | | | | | | | |
| १४. | विद्यालयमा सरसफाइ फोकल शिक्षकको व्यवस्था गरिएको छ ? | | | | | | | | | | |
| १५. | विद्यालय नर्सको व्यवस्था गरिएको छ ? | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६. | सेनिटरी प्याड फोकल शिक्षक या नर्स मार्फत उपलब्ध गराउने गरेको छ ? | | | | | | | | | | |
| १७. | प्याड भेन्डिङ मेसिनमार्फत उपलब्ध गराउने गरेको छ ? | | | | | | | | | | |
| १८. | महिनावारी स्वच्छता किशोरी समूह गठन भएको छ? | | | | | | | | | | |
| १९. | किशोरी समूहको वार्षिक योजना तयार भएको छ ? | | | | | | | | | | |
| २०. | महिनावारी स्वच्छता व्यवस्थापनका लागि कोषको व्यवस्था छ ? | | | | | | | | | | |
| २१. | अतिरिक्त क्रियाकलापमा महिनावारीको विषयलाई समेट्ने गरिएको छ ? | | | | | | | | | | |
| २२. | महिनावारी स्वच्छता व्यवस्थापन दिवस मनाउने गरिएको छ ? | | | | | | | | | | |

आज्ञामा

पदम बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत



CamScanner